नेपाल विद्युत प्राधिकरण

इन्जिनियरिङ्ग सेवा निर्देशनालय

**वातावरण तथा सामाजिक अध्ययन विभाग, लाजिम्पाट, काठमाण्डौ**

फोन नं.०१-४४३५८००, ०१-४४२६७७२

# सूची दर्ता गर्ने सम्बन्धी सूचना

नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ (सं.स.) बमोजिम मौजूदा सूची दर्ता गराउनुपर्ने भएकोले आ.व. २०७८/०७९ को लागि यस विभागलाई आवश्यक पर्ने निम्नानुसारका परामर्श सेवा आपूर्ति सम्बन्धी कार्य, निर्माण सेवा तथा सामान आपूर्ति / सप्लाई एवं मर्मत संभार सम्बन्धी कार्य गर्न इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले फर्मको नाम, ठेगाना एवं सम्पर्क नं. उल्लेख गरी निवेदन सहित नेपाल विद्युत प्राधिकरण, वातावरण तथा सामाजिक अध्ययन विभाग, लाजिम्पाट, काठमाण्डौमा सूची दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

*(क)* *परामर्श सेवा आपूर्ति तर्फः*

- **समूह-कः-** वातावरणीय तथा सामाजिक अध्ययन कार्यः प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची (TOR), प्रारम्भिक वातावरणीय परीक्षण कार्य (IEE), वातावरणीय प्रभाव मूल्यांकनको लागि क्षेत्र निर्धारण (Scoping) तथा कार्यसूची (TOR) तयार गर्ने कार्य, वातावरणीय प्रभाव मूल्यांकन कार्य (EIA), विषयगत अध्ययन कार्य (माछा, वन्यजन्तु, वन तथा वनस्पति, भौतिक वातावरण, सामाजिक, आर्थिक आदि) तथा दातृ संस्थाहरुको लागि गरिने सामाजिक प्रभाव मूल्यांकन (SIA), पुनर्वास कार्य योजना (RAP), उत्पीडित समुदाय विकास योजना (VCDP) तथा वातावरणीय व्यवस्थापन कार्य योजना (EMAP) आयोजनाको अध्ययन/ अनुगमनको लागि विज्ञहरुको सेवा खरिद आदि ।
- **समूहखः- आयोजना स्थलमा सांचलन गर्नुपर्ने जनचेतना तथा अन्य कार्यः** सामाजिक सचेतना कार्यक्रम, वन संरक्षण सचेतना कार्यहरु, वन्यजन्तु संरक्षण सचेतना कार्यक्रम, आय आर्जन सम्बन्धी आदि ।
- **समूह- गः सीपमूलक तालिमः** छोटो अवधिको ड्राईभिङ्ग, हाउस वायरिङ्ग, प्लम्विङ्ग, वेल्डिङ्ग, सिलाई, बुनाई, मर्मत संभार आदि ।

- समूह घः आयोजना स्थलमा संचालन गर्नुपर्ने-Air, Noise, Water Quality मापन सम्बन्धी कार्य

(ख) *निर्माण सेवा*

सामुदायिक उत्तरदायित्व कार्यक्रम (CSR) सम्बन्धी कार्य

(ग) *सामान खरिद तथा आपूर्ति तर्फः*

- स्टेशनरी तथा मसलन्द सामानहरु,
- सवारी साधनको स्पेयर पार्टसहरु,
- छपाइ सम्बन्धी कार्य,
- प्रशोधित पीउने पानी आपूर्ति सेवा,
- फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सेवा,
- इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु ।

(घ) *सवारी साधन मर्मत संभार गर्ने*

- सवारी साधन मर्मत,
- निर्माण, पुनः निर्माण तथा मर्मत,
- ए.सि. मर्मत तथा ग्यास रिफिलिङ्ग सम्बन्धी कार्य,
- इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु ।

**सूची दर्ता गर्दा निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

- कम्पनीको विधान/ प्रबन्धपत्रको प्रतिलिपि,
- कम्पनी दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
- VAT/ PAN मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
- आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- कम्पनीको Profile ।

नोटः सूची दर्ता निवेदन साथ उल्लेखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । फर्म सूचीकृत भए/ नभएको जानकारी लिनु परेमा यस वातावरण तथा सामाजिक अध्ययन विभागमा सम्पर्क राख्न सकिनेछ ।